श्री

# उदयपुर जिल्ला अदालत

## सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धि जरुरी सूचना

उदयपुर जिल्ला अदालत
गाईघाट (बोक्से)

**प्रथम पटक सूचना प्रकाशन मिति २०७५/०८/१३**

बिभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न सवारी साधनहरु फिर्ताको लागि मिति २०७४।३।२९ र मिति २०७४।५।७ मा सूचना प्रकाशित गरिएकोमा सो सूचनाको अबधिमा कसैले तपसिल बमोजिमको सवसारी साधन फिर्ता बुझिलिन नआएकाले जे जस्तो अवस्थामा छन् सोही अवस्थामा साविक जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख, जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत बमोजिम डाँक बढाबढ द्वारा एकमुष्ट लिलाम बिक्री गरिने भएकोले मिति २०७४/०३/२५ को निर्णय र मिति २०७३।१२।२१ को मुल्यांकन समितिको निर्णयानुसार फिर्ता हुने ठहरेका सबारी साधनको हकमा प्रमाण सहित मिति २०७५ साल मसिर मसान्त सम्ममा निबेदन नदिएमा तपसिल बमोजिमको सबारी साधनहरू मिति २०७५ साल पौष ८ गते लिलाम बढाबढ गरि लिलाम सकार गर्न ईच्छुक नेपाली नागरिक तथा फर्महरुबाट डाँक बढाबढको लागि आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सवारी साधनको विवरण**

| सि. नं | जिन्सी नं. | मुद्दा | मुद्दा | जिन्सी सामानको बिबरण | संख्या | मोडेल नं./ईन्जिन नं./च्यसिस नं. | न्यनतम कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३५९ | नेपाल सरकार बि. गजेन्द्र राई | कर्तब्य ज्यान | बा.२१प.१९७२ | १ | मोडेल:- पल्सर १५० सी सी<br>इन्जिन न:-DHGBMH11867<br>चेसिस न:-DHVBMHI3899 | रू.३५,०००/- | |
| २ | ३६० | नेपाल सरकार बि. घर्ति भन्ने जीबन राई | चन्दा सकलन | बा.२० प ३७५६ | १ | मोडेल:- पल्सर १५० सी सी<br>इन्जिन न:-DHGDNK19030<br>चेसिस न:-MD2DHDHZZNCK80835 | रू.३२,०००/- | |
| ३ | ४४२ | नेपाल सरकार बि.गणेश कुमार चौधरी | लागू औषध | स २प ५१७२ | १ | मोडेल:-DEO१०२ cc<br>इन्जिन:jf11E4013314<br>चेसिस न:-ME4jf118BA8013545 | रू.३१,०००।- | |
| ४ | ४५६ | नेपाल सरकार बि.रूपेश साह | लागू औषध | स २प ६५०९ | १ | मोडेल:- पल्सर १५० सी सी<br>इन्जिन न:-DHGBTB21190<br>चेसिस न:-MD2DHDHZZTCB32163 | रू.३०,०००।- | |
| ५ | ४८४ | नेपाल सरकार बि.रूपेश साह | लागू औषध | स ३ प ३८८४ | १ | मोडेल:- डिस्कोभर १२५ सी सी<br>इन्जिन न:-JZMBUH72505<br>चेसिस न:-MD2DSJZZZUWHO5305 | रू.२७,०००।- | |
| ६ | ४८७ | नेपाल सरकार बि. शिबजी भन्ने बिष्णु रांउत समेत | ज्यान मार्ने उधोग | स १ प ३३६३ | १ | मोडेल:- इन्टाईसर<br>इन्जिन न:-5USO14143<br>चेसिस न:-02J5US014143 | रू.१५,०००।- | |
| ७ | ५०८ | नेपाल सरकार बि. रत्न बहादुर थापा समेत | कर्तब्य ज्यान | स २ प ८२६५ | १ | मोडेल:- YBR 125 cc<br>इन्जिन न:-5YYL001645<br>चेसिस न:-ME15YYOL9A2001756 | रू.२५,०००।- | |
| ८ | ४१९ | नेपाल सरकार बि. जिबेन्द्र तामाङ समेत | लागू औषध | ज ४ प १६९२ | १ | मोडेल:- होन्डा साईन १२५ सि सी<br>इन्जिन न:-JC 36E-2093246<br>चेसिस न:-ME4JC36DGA8028115 | रू.२६,०००।- | |
| ९ | ५२४ | नेपाल सरकार बि. जय प्रकास चौधरी | लागू औषध | बा १५ प ४११६ यामाहा YBX | १ | मोडेल:-YBX१०० सि सि<br>इन्जिन न:-4LS413891 | रू.१७,०००।- | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | चेसिस नः-02M4LS-413891 | | |
| १० | ५४३ | नेपाल सरकार बि. मिलन भन्ने राज कुमार राई समेत | लागू औषध | स ५ प ४८२६ डिस्कोभर | | मोडेलः-डिस्कोभर १२५ सि सि<br>इन्जिन नः-PAZWEE36018<br>चेसिस नः-MD2A57BZ3EWE24915 | रू.२५,०००।- | |
| ११ | ५४५ | नेपाल सरकार बि. मनोज बस्नेत समेत | लागू औषध | स ५ प २४८ ईन्टाईसर | १ | मोडेलः-Enticer 123.7cc<br>इन्जिन नः-5US206517<br>चेसिस नः-045US-2065 | रू.१५,०००।- | |
| १२ | ५४६ | नेपाल सरकार बि. मनोज बस्नेत समेत | लागू औषध | स ३ प ३८४४ R 15 yamaha | १ | मोडेलः- YZFR15150 cc<br>इन्जिन नः-ICK1014741<br>चेसिस नः-ME11CK01IC2014724 | रू.२५,०००।- | |
| १३ | ५५३ | नेपाल सरकार बि. गणेस गुप्ता | लागू औषध | **स २ प ६६३६ पल्सर मो.सा.** | १ | मोडेलः- pulsor 150cc<br>इन्जिन नः-DHGBTB31553<br>चेसिस नः-MD2MDHZZTCB42222 | रू.३१,०००।- | |
| १४ | ५५८ | नेपाल सरकार बि. राजेन्द्र राई समेत | लागू औषध | **स ५ प २७४** | १ | मोडेलः- Discover 125 cc<br>इन्जिन नः-JEZWFM30305<br>चेसिस नः-MD2A64C78FWM09 | रू.५२,०००।- | |
| | | | | | | जम्मा | रू.३,८६,०००।-(तीनलाख छियासी हजार) | |

१. लिलाम द्वारा बिक्री गरिने मिति समय र स्थानः- २०७५ साल पौष ८ गते दिउसो २.०० बजे देखि ३.०० बजे सम्म यस अदालतको तहसिल शाखा र सो दिन सार्वजनिक बिदा पर्न गए सोको भोलिपल्ट सोही समयमा र स्थानमा हुनेछ ।

२. लिलाममा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७५पौष १ गते ३.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत राखि निवेदन दस्तुर रु १०००।-(एक हजार) फिर्ता नहुने गरी यस अदालतको तहसिल शाखामा बुझाउनु पर्नेछ ।एकमुष्ट रूपमा सकार गर्नेलाई प्राथमिकता दिईनेछ ।

३. निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन ।

४. लिलाममा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि सोहि दिन फिर्ता गरिने छ ।

५. डाक सकार गरि लिनेले ७ दिन भित्र बाँकी रकम र लिलाम सकार गरेको अकको १३% मुल्य अभिवृद्धि कर समेत दाखिला गरी १५ दिन भित्र जो जुन अबस्थामा छ सोही अबस्थामा सबारी साधन उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफुले कबुल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानुन बमोजिम जफत गरीनेछ । साथै पुनः डाक लिलामको सूचना प्रकासित गरिनेछ ।

६. लिलाम सकार गरेको साधन दर्ता गराउने दायित्व डाक सकार गर्नेको हुनेछ र दर्ता नामसारी हुने सवारी साधनहरुको प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर वा शुल्क डाक सकार गर्ने स्वयम् ले व्यहोर्नु पर्नेछ ।

७. लिलाम हुने सबारी साधन हेर्न चाहेमा वा यस सम्बन्धी थप कुराहरु बुझ्न परे कार्यालयसमय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

८. लिलाम सम्बन्धि सम्पूर्ण अधिकार यस अदालतमा निहित रहनेछ ।

९. लिलाम हुने सबारी साधनहरू प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारको नियम बिपरित नहुने गरी प्रयोग गर्न पाईनेछ ।

तहसिलदार,